## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १० गते आइतबार ❑ 22 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## गण्डकीका सबै जिल्लामा पुग्यो निर्वाचन सामग्री

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चाहिने मतपत्रबाहेक ५२ प्रकारका निर्वाचन सामग्री गण्डकी प्रदेशका ११ वटै जिल्लामा पुगिसकेको छ।

मतपत्र ढुवानीको काम पनि सुरु भएको प्रदेश निर्वाचन कार्यालय, पोखराले जनाएको छ। शनिबार कास्कीमा मतपत्र आइपुगेको कार्यालयका सूचना अधिकारी रुद्रनाथ न्यौपाने बताउनुभयो। "निर्वाचनका लागि आवश्यकपर्ने ५२ प्रकारका सामग्री जिल्लामा पुगिसकेको छ, आइतबारदेखि कास्कीबाहेक अन्य जिल्लामा पनि मतपत्र ढुवानी सुरु हुन्छ", उहाँले भन्नुभयो, "निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालय निर्वाचनको अन्तिम तयारीमा जुटेको छ।" निर्वाचनका बेला प्रयोग हुने ५३ प्रकारका सामग्रीमध्ये ४९ वटा सामग्रीलाई मतदानस्थलमा पठाइने र अन्य सामग्री कार्यालयमा प्रयोग हुने सूचना अधिकारी न्यौपानेले बताउनुभयो।

सामग्री व्यवस्थापनसँगै निर्वाचनमा परिचालन हुने कर्मचारीको खटनपटनको काम पनि सँगसँगै भइरहेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। गण्डकी प्रदेशमा १४ हजारभन्दा बढी कर्मचारी निर्वाचनमा खटिने भएका छन्। मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत कर्माचारीलाई तालिम दिएर मतदान केन्द्रमा पठाइने सूचना अधिकारी न्यौपानेले बताउनुभयो। यस प्रदेशका एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र रहेका छन्। मतदाताको सङ्ख्या १८ लाख ७० हजार ६५ रहेको छ।

गण्डकीमा विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा १६ लाख ६२ हजार २४६ मतदाता थिए। अहिलेको चुनावमा दुई लाख सात हजार ८१९ नयाँ मतदाता थपिएका हुन्। यहाँ १८ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेका छन्।

## सहाराले १२ वर्षपछि चुम्यो आहा रारा पोखरा गोल्डकपको उपाधि



**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

मोफसलको पुरानो र प्रतिष्ठित राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकपको २५औँ संस्करणको उपाधि आयोजक सहारा क्लब पोखराले जितेको छ।

पोखरा रङ्गशालामा आज सम्पन्न फाइनल खेलमा जावलाखेल युथ क्लबलाई २-० गोलले हराउँदै सहाराले १२ वर्षपछि उपाधि चुम्यो। च्याम्पियन बनेको सहाराले ट्रफीसहित रु १४ लाख एक हजार पुरस्कार पाउँदा उपविजेता जावलाखेलले रु सात लाख एक हजार र ट्रफीमा चित्त बुझायो। सहाराले विसं २०७० मा पहिलोपटक उपाधि जितेको थियो। सहारालाई च्याम्पियन बनाउने क्रममा खेलको २५औँ मिनेटमा फरवार्ड मुकुन्दकुमार निउरेले गोल गरे। सुशील लामाको कर्नर बललाई निउरेले उत्कृष्ट हेड गर्दै गोल गरे।

पहिलो हाफमा एक गोलको अग्रता बनाएको घरेलु टोलीले दोस्रो हाफमा पुनः एक गोल थप्न सफल भयो। खेलको ७३ औँ मिनेटमा सहाराका विदेशी खेलाडी टाय डिनियल बादारुले हेडमार्फत गोल गरेपछि टोलीको जित पक्का गरे।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीको उपाधि सहाराका मुकुन्दकुमार निउरे घोषित हुँदै एक थान इलेक्ट्रिक स्कुटर पाए। यसैगरी उत्कृष्ट डिफेन्डर सहाराका बादारु घोषित, सर्वाधिक गोलकर्ता प्लानिङ ब्वाईजका पापा आईबोउ केबे, उदियमान खेलाडी सहाराका मुकुन्दकुमार निउरे, स्ट्राईकर जावलाखेल युथ क्लबका धर्वेन्द कुँवर, गोलकिपर सहाराका टीकेन्द्र थापा, मिडफिल्डर जावलाखेलका बाउबकर सिसिको, प्रशिक्षक सहाराका सुनिल रानामागर र 'फेयर प्ले अवार्ड' आभा फुटबल क्लब उज्वेकिस्तानले पाए।

उनीहरूले जनही नगद रु २५ हजार पुरस्कार पाएका छन्। सहारा क्लब पोखराको आयोजनामा गत माघ २७ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा विदेशी तीन र नेपालका नौ गरी १२ टोलीले प्रतिस्पर्धा गरेका थिए। विजेता खेलाडी गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा, मुख्य प्रायोजक हिमश्री फड्सका कार्यकारी निर्देशक प्रकाश केसी लगायतले पुरस्कार वितरण गर्नुभयो।

## निष्पक्ष र शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गराउन प्रधानमन्त्री कार्कीको निर्देशन

**रासस**
लुम्बिनी, ९ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नेगरी तयारीका साथ काम गर्न निर्देशन दिनुभएको छ।

निर्वाचन तयारी सन्दर्भमा शनिबार लुम्बिनी प्रदेशको अवस्थाका बारेमा जानकारी लिन आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नु सबैको जिम्मेवारी भएकाले यसमा सबै जिम्मेवार बन्न निर्देशन दिनुभएको बैठक पछि लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी गराउनुभयो। प्रधानमन्त्री कार्कीसहित शनिबार बिहान मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलमा आयोजित प्रदेशस्तरीय एकीकृत सुरक्षा बैठकमा समग्र प्रदेशको निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे जानकारी लिनुभएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिनुभयो।

जिल्लास्थित सुरक्षा समितिले जिल्लाको चुनौतीका अवस्था पहिचान गरेर त्यसैअनुरुपको सुरक्षा रणनीति बनाएर अघि बढ्न प्रधानमन्त्रीबाट निर्देशन भएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिनुभयो।



जिल्लागत रुपमा मतदानस्थललाई चुनौती पहिचान गरी तिनलाई वर्गीकरण गरेर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसहितको एकीकृत सुरक्षा योजनाअनुरुप अघि बढ्न निर्देशन दिनुभएको प्रमुख सचिव काप्रीले बताउनुभयो। प्रदेशका १२ वटै जिल्लामा तयारी, प्रदेशमा गठन भएको निर्वाचन कमाण्ड सेलसँग संवाद गरेर निर्वाचन निष्पक्ष र शान्ति पूर्ण रुपमा सम्पन्न गर्न १२ वटै जिल्लामा जिल्ला सुरक्षा समितिले योजना बनाएका विषयमा प्रधानमन्त्रीसमक्ष जानकारी गराइएको प्रमुख सचिव काप्रीले जानकारी गराउनुभयो।

बैठकमा नेपाली सेनाका पृतनापति हिम्मतबहादुर विष्ट, नेपाल प्रहरीका प्रदेश प्रमुख, प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्री, सशस्त्र प्रहरी बलका अतिरिक्त प्रहरी महानिरीक्षकलगायत बैठकमा सहभागि विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीले जानकारी गराउनुभएको थियो। यस्तै प्रदेश सरकारका प्रमुख सचिव काप्रीले समग्र प्रदेशको तयारीका अवस्थामा जानकारी गराइएको बताउनुभयो। जिल्लागत रुपमा अतिसंवेदनशील, संवेदनशील र सामान्य निर्वाचन मतदान केन्द्र पहिचान गरेर आवश्यक तयारी गरिएको जानकारी गराउनुभयो।

जिल्लास्थित सरकारी निकायले त्यस्ता चुनौती पहिचान गरेर समाधानका लागि आवश्यक संवाद र छलफल गरेर काम गर्ने विषयमा जानकारी गराइएको थियो। प्रधानमन्त्रीको निर्देशनबाट निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न थप हौसला मिलेको र प्रतिबद्धताका साथ निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रुपमा सम्पन्न लाग्ने प्रमुख सचिव काप्रीले बताउनुभयो। एकीकृत सुरक्षा योजनाअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागबाट सङ्कलित सूचना गरेर आवश्यक रणनीति तय गरिने विषयमा बैठकमा छलफल भएको जानकारी दिनुभयो।

प्रदेश सरकारले पनि यो निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्ने जिम्मेवारी रहेकाले प्रदेश सरकारका जिल्लास्थित निकायहरु, स्थानीय तहबाट सहयोग लिएर निर्वाचन तयारीको काम भइरहेको जानकारी गराउनुभयो।

प्रदेशका १२ जिल्लाका २६ निर्वाचन क्षेत्रमध्ये प्रमुख रुपमा तराईका जिल्लामा खुला सीमाना प्रमुख साझा चुनौतीका रुपमा रहेका विषयमा छलफल भएको बताउनुभयो। यस प्रदेशमा पश्चिम नवलपरासीदेखि बर्दियासम्ममा ४१४ किलोमिटर खुला सिमाना छ। प्रदेशमा एउटा हिमाली जिल्ला रुकुमपूर्व सञ्चारमा सूचना सङ्कलन, पहुँचजस्ता विषय, जनसाङ्ख्यिक विविधताका हिसाबले धार्मिक, जातीय र भौगोलिकताजस्ता विषयमा समस्या आउनसक्ने सम्भावना लाई पहिचान गरेर तयारी गरिने बताउनुभयो। प्रधानमन्त्रीसमक्ष यस्ता विषयमा विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले जानकारी गराउनुभएको बताउनुभयो।


## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१


## मनाङका केही मतदान केन्द्रको अनुगमनमा समस्या

**पोखरापत्र संवाददाता**
मनाङ, ९ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गए पनि मनाङका केही मतदान केन्द्रको अनुगमन हुन सकेको छैन।

यहाँ फरक समयमा हिमपात भएकाले मतदान केन्द्रको अनुगमन गर्न केही समस्या भएको हो। प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले विशेष गरी हिमपातका कारण नार्पाभूमि गाउँपालिकामा रहेका मतदान केन्द्रको अनुगमनमा समस्या भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो,"भौगोलिक अवस्था र चिसोका कारण अनुगमन प्रभावित भएको छ। समस्याका बीच मनाङ डिस्याङ गाउँपालिकाका नौवटै मतदान केन्द्रको अनुगमन गरिएको छ। चामे र नार्सौं गाउँपालिकाकामा रहेका मतदान केन्द्रको यसअघि नै अनुगमन भए पनि नार्पाभूमिका केन्द्रमा पुग्न सकिएको छैन।"

मनाङ सदरमुकाम चामेबाट नार्पाभूमिका मतदान केन्द्र पुग्न हिँडेर दुई दिन लाग्छ। नार्पाभूमि गाउँपालिकाका वडा नं १ देखि ३ सम्म नार क्षेत्रमा तीन, वडा नं ४ र ५ को फू क्षेत्रमा दुई गरी पाँच वटा मतदान केन्द्र छन्। यहाँ आउजाउ गर्न समस्या भएपछि अस्थायी रूपमा मतदान केन्द्र सदरमुकाम सार्ने विषयमा पनि स्थानीय पालिकासँग छलफल भइरहेको प्रमुख जिल्ला अधिकारी पौड्यालले बताउनुभयो।

नार्पाभूमि गाउँपालिकामा ४८८ मतदाता रहेका छन्। जिल्ला निर्वाचन अधिकारी जीवन कुँवरले पाँच वटै वडामा मतदान केन्द्र कायम गरिएका र मौसम अनुकूल नभएमा के गर्ने भन्ने विषयामा छलफल भइरहेको बताउनुभयो। जिल्लामा तीन हजार ६२३ महिला र तीन हजार ३७७ पुरुष गरी सात हजार मतदाता रहेका छन्। विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा छ हजार ७७९ मतदाता रहेकामा यसपटक २२१ मतदाता थपिएका हुन्। एकमात्र निर्वाचन क्षेत्र रहेको मनाङमा प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसका टेकबहादुर गुरुङ, नेपाल कम्युनिष्ट पार्टीका यशोदा सुवेदी गुरुङ र मङ्गोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ प्रतिस्पर्धामा हुनुहुन्छ।

का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८०


# घान्द्रुक पर्यटन महोत्सवमा जलजला पर्वतलाई बास्केटबलको उपाधि, घोडा दौडमा विवेक पुन प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा आयोजित घान्द्रुक पर्यटन महोत्सव शनिबार सकिएको छ।

घान्द्रुक पर्यटन व्यवस्थापन समिति र रोधीं क्लब कौंड (घान्द्रुक)को संयुक्त आयोजनामा बुधबारदेखि सुरु भएको महोत्सवको शनिबार सकिएको हो।

महोत्सवको अवसरमा आयोजित राष्ट्रव्यापी अन्तरपालिका खुल्ला पुरुष बास्केटबल प्रतियोगिताको उपाधि जलजला गाउँपालिका पर्वतले जितेको छ। शनिबार सम्पन्न फाइनल खेलमा जलजला गाउँपालिका पर्वतले अन्नपूर्ण गाउँपालिका म्याग्दीलाई ६५-६१ स्कोरले पराजित गरेको हो। विजेता जलजला पर्वतले १ लाख ६६ हजार ६ सय ६६, उपविजेता अन्नपूर्ण म्याग्दीले १ लाख ११ हजार १ सय ११ र तृतीय भएको मादी गाउँपालिकाले ५५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै महोत्सवको



अवसरमा आयोजित प्रथम राष्ट्रव्यापी घोडा दौड प्रतियोगितामा निर्धारित दुरी ११ मिनेट २३ सेकेण्डमा पुरा गर्दै विवेक पुन प्रथम भए।

अमित गुरुङले ११ मिनेट ४७ सेकेण्डमा दुरी पुरा गर्दै द्धितीय, अमृत तामाङले ११ मिनेट ५७ सेकेण्डमा दुरी पार गर्दै तृतीय,विनोद पुन थापाले १२ मिनेट १ सेकेण्डमा दुरी पार गर्दै चौथो, हितमान गुरुङले १२ मिनेट २५ सेकेण्डमा दुरी पार गर्दै पाँचौं, कृष्णले १२ मिनेट ३१ सेकेण्डमा दुरी पार गर्दै छैठौं र टाईगर थकालीले १२ मिनेट २५ सेकेण्डमा दुरी पार गर्दै सातौं भए। घोडा दौड प्रतियोगितामा प्रथमले १ लाख १ हजार १ सय ११, द्धितिय हुनेले ४० हजार ४ सय ४४, तृतीय हुनेले २० हजार २ सय २२,चौथो हुनेले ११ हजार पाँचौ हुनेले ९ हजार, छैठौं हुनेले ७ हजार र सातौं हुनेले ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरे। घोडा दौड प्रतियोगितामा पोखरा, घान्द्रुक, उरी, घोरेपानी लगायतका ४५ जनाले घोडासहित सहभागिता जनाएका थिए। यस्तै २० जनाको सहभागिता रहेको घान्द्रुक चक्रिय पदमार्ग दौड प्रतियोगितामा पुस्कल पौडेलले ३२ मिनेट ५५ सेकेण्डमा दुरी पार गर्दै प्रथम हुँदै १६ हजार ६ सय ६६ रुपैयाँ प्राप्त गरे। कृष्ण परियारले ३४ मिनेट १४ सेकेण्डमा दुरी पार गर्दै उपविजेता हुँदै ७ हजार ४ सय ४४ र सन्तोष परियारले ३५ मिनेट ३४ सेकेण्डमा दुरी पार गर्दै तृतीय हुँदै ३ हजार ४ सय ४४ रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गरे। यस्तै महिला रस्सकस्सी प्रतियोगितामा मुसुबा आमा समूह तल्लो गाउँ प्रथम हुँदै ११ हजार १ सय ११ र उपविजेता भएको उरी आमा समूह घान्द्रुकले ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गऱ्यो।

यस्तै पुरुष रस्साकस्सीतर्फ माझगाउँ विजेता हुँदै ११ हजार १ सय ११ र उपविजेता भएको हुदले ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गऱ्यो। यस्तै छेलो प्रतियोगितामा स्याङ्जाका दुजिक थापा मगर विजेता बन्दै १६ हजार ६ सय ६६ र पर्वतका युवराज गुरुङ उपविजेता बन्दै ६ हजार ६ सय ६६ रुपैयाँ प्राप्त गरे। पोखराबाट साढे २ घण्टाको सवारी यात्रामा पोखरा बागलुङ सडक खण्डको नयाँपुल, विरेठाटीहुँदे घान्द्रुक पुग्न सकिन्छ। घान्द्रुकबाट भैसीखर्क-टाडापानी,वनठाटी, देउराली हुँदै म्याग्दीको घोडेपानी र घान्द्रुक हुँदै टाडापानी-इसरु, दोबाटो, मुल्डेहुँदै म्याग्दीको खोर्पा लेक र हिडन लेक जान सकिन्छ भने, घान्द्रुक,छोम्रोङ हुदै अन्नपूर्ण बेसक्यापसमेत जान सकिन्छ।



मुक्तिनाथ मन्दिरमा दर्शनार्थी : मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-१ स्थित हिन्दु तथा बौद्ध धर्मालम्बीहरुको साझा धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा दशनार्थीको घुइँचो। फागुन महिना लागेसँगै मुक्तिनाथमा दर्शनार्थीको संख्या उल्लेख्य रुपमा वृद्धि भईरहेको छ। तस्बिर : सुन्दरकुमार थकाली / रासस

# गण्डकी प्रदेशस्तरीय ह्याण्डबलमा कास्कीलाई दोहोरो उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

पोखरामा शनिबार सम्पन्न गण्डकी प्रदेशस्तरीय महिला तथा पुरुष ह्याण्डबलमा कास्कीले दोहोरो उपाधी जितेको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजनामा सम्पन्न प्रतियोगितामा पुरुषतर्फ कास्कीले बागलुङलाई २४-१५ गोलले पराजित गर्दै उपाधि जित्दा महिलातर्फ कास्कीले बागलुङलाई ९-६ ले फाइनल खेल जित्दै उपाधि जित्यो।

त्यस्तै सम्पन्न प्रतियोगितामा पुरुषतर्फ तनहुँ र महिलातर्फ



पर्वत जिल्ला बन्न सफल भए। प्रतियोगितामा ५ जिल्लाका महिला तथा पुरुष गरी ८ टिमको सहभागिता रहेको थियो।

प्रतियोगितामा बिजेता टिम तथा खेलाडीलाई ह्याण्डबलका पूर्व राष्ट्रिय खेलाडी तथा तमु धिं एशोसियसन युकेका उपाध्यक्ष कमल कोने गुरूङ, सहारा क्लब युकेका सल्लाहकार कृष्ण गुरूङ, नेपाल बास्केटबल संघका उपाध्यक्ष जुम प्रसाद गुरूङ, सुटिङ संघ गण्डकीका महासचिब पुरन कुँवरलगायतले ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए।

गण्डकी प्रदेश ह्याण्डबल संघका अध्यक्ष केशव पाठकको अध्यक्षतामा भएको समापन कार्यक्रममा संघकी उपाध्यक्ष शान्ती थापा वैद्य, महासचिब राजेन्द्र पहाडी, कोषाध्यक्ष शान्त सिंह बस्नेत, जिल्ला ह्याण्डबल संघ कास्कीका अध्यष चित्र बहादुर थापा, बागलुङका अध्यक्ष उमेशराज भण्डारीलगायतको सहभागिता रहेको थियो।

सो प्रतियोगिता आसन्न दशौं राष्ट्रिय खेलकुदका लागि छनोट प्रतियागिताका रुपमा आयोजना गरिएको थियो।

# पोखरा कलेज अफ म्यानेजमेन्टमा ग्राजुएसन समारोह

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

पोखरा कलेज अफ म्यानेजमेन्टले स्नातक तहमा दीक्षित विद्यार्थीहरुको ग्राजुएसन समारोह सम्पन्न गरेको छ। शनिवार पोखरामा आयोजित समारोहमा बिबिए र बिसिएसआइटी विषयका ६५ जना दिक्षीत विद्यार्थीलाई कलेजले सम्मान गरेको हो।

समारोहमा स्नातक तहमा दिक्षित विद्यार्थीलाई प्रमाणपत्रसहित सम्मान गरिएको थियो। त्यस अवसरमा पोखरा विश्वविद्यालयको डिन लिष्टमा पर्न सफल ९ जना उत्कृष्ट अंक प्राप्त गरेका विद्यार्थीलाई विशेष सम्मान गरिएको थियो। डिन लिस्टका विद्यार्थीहरू बीबीएका अञ्जली पौडेल, आयुषा श्रेष्ठ, नम्रता दाहाल, अस्मिता नेपाली, सचिन कुमार राम, प्रतीक श्रेष्ठ, सम्राट गुरुङ, दिया भारी र बिसिएसआइटीका निश्चिता श्रेष्ठलाई विशेष सम्मान गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि पोखरा विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रा. डा. ज्ञानेश्वर शर्माले विद्यार्थीले प्रतिष्पर्धात्मक अहिलेको समयमा आफूलाई अब्बल रुपमा प्रस्तुत गर्नुपर्ने दायित्व रहेको बताए। व्यवसायिक र सामाजिक रुपमा आफूलाई समर्पित गर्न उनले विद्यार्थीहरुलाई आग्रह गरे। पोखरा कलेज अफ म्यानेजमेन्ट




यस क्षेत्रको महत्वपूर्ण शैक्षिक संस्थाको रुपमा अगाडि बढेको भन्दै उनले गुणस्तरीय शिक्षाको निरन्तरतामा योगदान दिने विश्वास व्यक्त गरे।

कलेज संचालक समितिका अध्यक्ष तथा ग्राजुएसन समारोहका सभाध्यक्ष विनोद कायस्थले स्थापनाकालदेखि नै संस्थाले गुणस्तरीय र नैतिक शिक्षामा जोड दिएको बताए। उनले दिक्षित विद्यार्थीहरुलाई आगामी दिनमा आत्मविश्वासका साथ अगाडि बढ्न र ठूला सपना देख्नका लागि शुभकामना दिए। कलेजकी प्रिन्सिपल लिना नेगी श्रेष्ठले गुणस्तरीय शिक्षा, नैतिकमूल्य, व्यवहारिक ज्ञान र नेतृत्व विकासलाई कलेज स्थापनाकालदेखि नै प्राथमिकता दिँदै आएको बताइन्।

व्यवहारिक शिक्षा दिने प्रतिवद्धताका कारण कलेजले हरेक वर्ष उल्लेखनीय शैक्षिक नतिजा हासिल गरेको उनको भनाइ थियो। कलेज संचालक समितिका सदस्य समिर शर्माले जटिल बन्दै गइरहेको अहिलेको बदलिँदो संसारमा विद्यार्थीहरुले सिकाइलाई निरन्तरता दिइरहन पर्नेमा जोड दिएका थिए। कार्यक्रममा कलेजका बिसिएसआइटी कार्यक्रम संयोजक इ.हरिप्रसाद बराल, प्राध्यापक शशीधर बराल, दिक्षित विद्यार्थीको तर्फबाट अञ्जली पौडेलले मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन उपप्राध्यापक दीपेन्द्र पहारीले गरेका थिए। कलेज संचालक समितिका निर्वतमान अध्यक्ष तथा सल्लाहकार प्रा. डा. टंकनाथ शर्मा तिमिल्सिना र संचालक समितिका सदस्य शुरेश प्रकाश चटौतको विशेष उपस्थिति रहेको समारोहमा प्राध्यापक, कर्मचारी र दिक्षीत विद्यार्थीका अभिभावकको सहभागिता रहेको थियो। विगत पच्चीस वर्षदेखि पोखरा विश्वविद्यालयको सम्बन्धनमा व्यवस्थापनमा स्नातक (बीबीए), वित्तमा स्नातक (बीबीए-फाइनान्स) र सूचना प्रविधिमा स्नातक (बिसिएसआइटी) कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

पोखरा नदीपुरमा रहेको कलेजमा बिहानी र दिवा सत्रमा गरी हाल ५ सय ५० विद्यार्थीहरु अध्ययनरत छन्। कलेजले वार्षिक कार्यक्रम अन्तर्गत पीसीएम फेष्ट, आइडिया पिच प्रतियोगिता, जब फेयर, पत्रकार सम्मेलन अभ्यास र शैक्षिक भ्रमण लगायतका कार्यक्रमहरु गर्दै आइरहेको जनाएको छ।

# स्याङ्‌जामा निर्वाचन सुरक्षा कडा पारिदै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ फागुन

आगामी फागुन २१ गते हुने संघीय निर्वाचनका लागि स्याङ्जाका २ निर्वाचन क्षेत्रमा सुरक्षाकर्मी खटाउने कार्यलाई तिब्रता दिइएको छ।

पहिलो चरणमा निर्वाचन प्रहरीलाई आफ्नो कार्यक्षेत्रमा खटाइएको छ भने दोस्रो चरणमा सुरक्षाका अन्य अंगलाई परिचालन गरिने छ।

जिल्लाका ११ पालिकामा रहेका १९९ मतदानस्थल र ३२२ मतदान केन्द्रमा केन्द्र अनुसार निर्वाचन प्रहरी खटाइएको हो। जिल्लाका पुतलीबजार नगरपालिकामा २९०, भीरकोट नगरपालिकामा १४३, वालिङ नगरपालिकामा २६९, गल्याङ नगरपालिकामा २५२ र चापाकोट नगरपालिकामा १८० निर्वाचन प्रहरी परिचलान गरिएको छ।

त्यसैगरी कालीगण्डकी गाउँपालिकामा १८४, हरिनास गाउँपालिकामा १४८, बिरूवा गाउँपालिकामा १३३,



अर्जुनचौपारी गाउँपालिकामा ११७, फेदिखोला गाउँपालिकामा ९१ र आँधीखोला गाउँपालिकामा १४० निर्वाचन प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ। मतदान केन्द्र र संवेदनशिलता हेरर आवश्यक संख्या परिचलान गरिएको प्रहरीले जनाएको छ।

मतदान केन्दको संख्या, त्यस क्षेत्रको संवेदनशिलतालाई हेरेर निर्वाचन प्रहरी खटाएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी दधिराम न्यौपानेले बताए। जिल्लामा दुई हजार १२४ जना निर्वाचन प्रहरी आवश्यक रहेकोमा प्रहरी मातहत रहेका एक हजार ९४७ जना निर्वाचन क्षेत्रमा खटाएको न्यौपानेले जानकारी दिए।

मतदान केन्द्रमा निर्वाचन प्रहरीले मात्र अपुग हुने बताउदै एसपी न्यौपानेले मतदान केन्द्रको संख्या र त्यसको संवेदनशिलतालाई हेरेर थप प्रहरी खटाउने गरी अपुग प्रहरीको माग गरिएको बताए। मतदान प्रक्रियालाई शान्तिपूर्ण र प्रभावकारी बनाउन प्रहरीले आवश्यक समन्वय र तयारी गरिहेको उनले बताए।

त्यसैगरी शसस्त्र प्रहरीले समेत स्याङ्जा क्षेत्र नं.-१ को पुतलीबजार र क्षेत्र नं.-२ को गल्याङमा आफ्नो टोली तयारी अवस्थामा राखेको जनाएको छ। पालिकाहरुमा मोवाईल तथा र स्कटिङ्ग टोली खटाउने तयारी गरिएको शसस्त्र प्रहरी नायव उपरीक्षक कुमार तिमिल्सिनाले जानाकारी दिए। शसस्त्र प्रहरी बल मातहतका १८९ निर्वाचन प्रहरी समेत सोही टोलीसँग राखेर काममा खटाउने उनले जानकारी दिए।

उता नेपाली सेनाले समेत हरेक पालिकामा आफ्नो सुरक्षा टोलीलाई क्याम्प बनाउन निर्देशन दिएरै सेनाको टोली खटाउने तयारी गरिएको छ। निर्वाचनलाई मर्यादित, निष्पक्ष र शान्तिपुर्ण बनाउने उद्देश्य सहित दोस्रो चरणमा जिल्ला निर्वाचन सुरक्षा समितिले मतदान स्थलको आवश्यकता अनुसार गरेको सिफारिसका आधारमा सुरक्षाकर्मी खटाउने तयारी गरिएको सेनाले जनाएको छ।

# गोरखामा बसको ठक्करबाट वृद्धाको मृत्यु

**रासस**
गोरखा, ९ फागुन

गोरखामा यात्रुबाहक बसको ठक्करबाट ९५ वर्षीया वृद्धाको मृत्यु भएको छ। शनिबार दिउँसो २ बजे गोरखा नगरपालिका वडा नं १२ स्थित दशकिलो बजारमा बसले ठक्कर दिँदा स्थानीय ९५ वर्षीया सुकमाया लामाको मृत्यु भएको हो।

काठमाडौँबाट गोरखातर्फ आउँदै गरेको ना ५ ख ५०३० नं को बसले ठक्कर दिँदा गम्भीर घाइते लामाको उपचारका क्रममा प्रदेश अस्पताल गोरखामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक राजकुमार श्रेष्ठले बताउनुभयो। प्रहरीले चालक र सवारी साधनलाई नियन्त्रणमा लिएर घटनाबारे आवश्यक अनुसन्धान गरिरहेको उहाँले जानकारी दिनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ।

- प्रेमचन्द

## सम्पादकीय

# वायु प्रदुषणबाट बच्ने उपाय खोज

काठमाडौं उपत्यकामा वायु प्रदूषण बढेको छ। १७८ रहेको वायु गुणस्तर सूचकाङ्क (एक्युआई) बढेर १९१ पुगेको छ। यो स्तर ‘सबैका लागि अस्वस्थ’ श्रेणीमा पर्छ, जसले विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास र मुटुरोगीलाई बढी असर पार्न सक्छ। काठमाडौँ उपत्यकाको वायु प्रदूषण अस्वस्थ तहमा पुगिसकेको छ। ‘एयर क्वालिटी इन्डेक्स (एक्युआई) अनुसार काठमाडौं विश्वकै तेस्रो प्रदूषित सहरका रुपमा सूचीकृत भएको छ। भारतको दिल्ली २२९ एक्युआईसहित पहिलो र पाकिस्तानको लाहोर २०३ एक्युआईसहित दोस्रो स्थानमा सूचीकृत भएको छ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार वर्षा नभए आगामी दिनमा प्रदूषण अझै बढ्न सक्नेछ। वर्षाले हावामा रहेको धुलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने भएकाले लामो समयसम्म सुक्खा मौसम रहँदा प्रदूषणको मात्रा उच्च हुने छ। दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएको छ। उपत्यकामा सवारीसाधनको तीव्र वृद्धि, डिजेल तथा पेट्रोलबाट निस्कने धुवाँ, निर्माणाधीन सडक तथा पूर्वाधार परियोजनाबाट उड्ने धुलो, साथै वन डढेलो र लामो समयसम्मको सुक्खा मौसमले वायु प्रदूषण बढाएको छ।

सुक्खा रहेमा अझ झन् प्रदूषण बढ्न सक्ने भन्दै समयमा नै सचेत हुन पर्ने भएको छ। इन्डेक्सको तथ्याङ्कअनुसार देखि ५० एक्युआई राम्रो (हरियो सङ्केत) तथा ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेँलो सङ्केत) मानिन्छ। त्यसैगरी, १०१ देखि १५० एक्युआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ। यस्तै १५१ देखि २०० एक्युआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्युआई धेरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ।

काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार नेपाल सरकारले एक्युआई ३०० भन्दा बढी पुगेको अवस्थालाई विपद् मान्ने व्यवस्था गरेको छ। यस्तो विपद् न्यूनीकरणका लागि फोहोर बाल्ने कार्य रोक्ने, सडक सफाइका लागि ‘ब्रुमर’ तथा ‘भ्याकुम’को प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने व्यवस्था कार्ययोजनामा उल्लेख छ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण तथा जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सरकारी रणनीति छ। प्रमुख सहर, औद्योगिक क्षेत्र तथा प्रदूषणको जोखिम रहेका स्थानमा गुणस्तर मापन केन्द्र स्थापना गरी वायु, जल र ध्वनि गुणस्तरको नक्साङ्कन गरिने उल्लेख गरेर नागरिकलाई भयभित हुनबाट सबैले जोगाउनु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सहयोग मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# १२३ थान अवैध भरुवा बन्दुक बरामद

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ फागुन

जिल्ला प्रहरी कार्यालय बागलुङले करिब दुई महिनाको अवधीमा १२३ थान अवैध भरुवा बन्दक बरामद गरेको छ। प्रहरीले जिल्लाको विभिन्न स्थानमाबाट भरुवा बन्दु बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बसन्त पाण्डेका अनुसार जिल्लाका विभिन्न जङ्गल, रुखको टोड्का, खोल्सा, मानिस नबस्ने घर गोठलगायतका ठाउँमा लुकाइछिपाई राखिएको अवस्थामा बन्दुक बरामद गरेको हो। आसन्न प्रतिनिधिसभाको निर्वाचनमा अवैध हातहतियारको दुरुपयोग भई निर्वाचन तथा सार्वजानिक शान्ति सुरक्षामा खतरा उत्पन्न हुन सक्ने भन्दै हातहतियार खोजतलास अभियान चलाएको उहाँको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय बागलुङ तथा मातहत प्रहरी यूनिटबाट खटिएका विशेष अप्रेशन टोलीले स्थानीय नागरिकको सूचना तथा सहयोगमा इजाजतपत्र बिनाका भरुवा बन्दुक बरामद गरेको उहाँ बताउनुहुन्छ। शुक्रबार मात्रै काठेखोला गाउँपालिका-३ धम्जा सायकटेरास्थित जङ्गलमाबाट चार थान भरुवा बन्दु बरामद गरेको प्रहरी नाययव उपरीक्षक पाण्डे बताउनुहुन्छ।

उहाँले भन्नुभयो, “निर्वाचनलाई लक्षित गरी हातहतियार खोजी र बरामद अभियाननै चलाएका छौं, छोटो सयमै धेरै हातहतियार बरामद गर्न सफल भयौं, अझै पनि हाम्रो अभियान जारी रहेको छ।”

# धौलागिरि आइसफल जोड्ने पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवादेखि धौलागिरि आइसफल जोड्ने पदमार्ग निर्माण थालिएको छ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा बिनियोजन गरेको रु १० लाख बजेटबाट उपभोक्ता समितिमार्फत पदमार्ग निर्माण थालिएको हो। उपभोक्ता समितिका अध्यक्ष विकास पुनले फागुन पहिलो सातासम्म गरेकदेखि गुन्थली भिर, देउराली डाडा, ठूलोखानी, भित्रे वन, ठुलो घैरा भन्याङ हुँदै भिरखर्कसम्म पदमार्ग निर्माण भइसकेको जानकारी दिनुभयो। प्राविधिक नक्साअनुसार तीन किलोमिटर पदमार्गनिर्माणसकिएकोरथपएक किलोमिटर निर्माणाधिन रहेको उहाँले बताउनुभयो। दोवाका करिब २० जना स्थानीयबासी पदमार्ग निर्माणका लागि जङ्गलमै बास बसेर काम गरिरहेका छन्। वस्तिदेखि टाढा रहेको ठाउँमा घरबाट जान, आउन टाढा हुने भएकाले निर्माणस्थलमै त्रिपालको गोठ बनाएर बास बसेका हुन्। चालु आर्थिक वर्षको बजेटबाट खोलाखर्कसम्म पदमार्गले जोडिने उपभोक्ता समितिले जनाएको छ। परापुर्व कालमा दोवा बासीले घुम्ती पशुगोठ लेक बेशी गर्दा प्रयोग गरेको गोरेटो बाटो पहिचान गरेर पदमार्गको रूपमा विकास गर्न लागिएको अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडा अध्यक्ष दिलिप गर्बुजाले बताउनुभयो। बेनी-जोमसोम सडक निर्माणपछि १५ वर्षअघि म्याग्दी र मुस्ताङ जोड्ने धौलागिरि आइसफल पदमार्गको पहिचान भएको थियो। रघुगङ्गा गाउँपालिकाको राखुदेखि सुरु हुने यो पदमार्ग मुस्ताङको लेते जोडिन्छ। मुख्य पदमार्गमा नजिकका बस्तिहरूबाट जोड्ने सहायक पदमार्गको विकास गर्ने काम भइरहेको छ। मगर समुदायको बाहूल्य बसोबास रहेको दोवाको पर्यटन विकासका लागि आइसफललाई पदमार्गले जोड्न लागिएको वडा अध्यक्ष गर्बुजाले बताउनुभयो।

# सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा मतपत्र सहित निर्वाचन सामग्री ढुवानी भइसक्यो : आयोग

**रासस**
काठमाडौं, ९ फागुन

निर्वाचन आयोगले देशभरका सबै निर्वाचन क्षेत्रमा मतपत्रसहित अन्य निर्वाचन सामग्री ढुवानी गर्ने कामलाई तीव्र पारेको छ। हालसम्म सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा आयोगले मतपत्र ढुवानी गरिसकेको छ।

अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री ढुवानीको काम गरिरहेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ यसअघि नै सम्पन्न भइसकेको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ तथा प्याकिङ गरेर निर्वाचन क्षेत्रमा पठाइएको छ। आयोगले गत माघ २९ गतेदेखि कर्णाली प्रदेशबाट मतपत्र ढुवानी सुरु गरेको थियो। त्यसपछि आयोगले सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा नियमित रूपमा मतपत्र ढुवानी गरेको थियो। यस्तै, वाग्मती सहित र अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री नियमित रूपमा ढुवानी गरिरहेको छ। आयोगले अन्य प्रदेशमा ढुवानीकार्य जारी रहेको जानकारी दिँदै राजधानी काठमाडौँभित्रका मतदान केन्द्रमा पनि केही दिनमा पुऱ्याइने जनाएको छ। आयोगले मतपत्र बाहेकका अन्य निर्वाचन सामग्री ढुवानी सम्पन्न भइसकेको उल्लेख गरेको छ। मतपत्र छपाइतर्फ आयोगले तोकेको क्यालेण्डर अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा गत पुस २२ गतेबाट मतदाता शिक्षा प्रयोजनका लागि छपाइ सुरु भएको थियो। आयोगले १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेको थियो। यस्तै, गत पुस २६ गतेबाट समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी गत माघ १३ गतेसम्म सम्पन्न गरेको छ। समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार समानुपातिक मतपत्र छपाइ गरेको थियो।

# शुभकामनाका शेयर सदस्यहरुलाई प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



शुभकामना बचत तथा ऋण सहकारी संस्था सृजनाचोक पोखराकले आफ्ना शेयर सदस्यहरुलाई प्रशिक्षण गरेको छ।

करिब ७ सय ५० भन्दा बढी शेयर सदस्य रहेको सो सहकारीको आजको कार्यक्रममा १ सय ५० भन्दा बढी सदस्यको सहभागिता रहेको संस्थाका अध्यक्ष प्रेम शंकर बरुवालले जानकारी दिनुभयो। कार्यक्रममा शेयर सदस्यहरुलाई शेयर सदस्यको काम कर्तव्य र अधिकारका बारेमा संस्थाका सल्लाहकार एवं पत्रकार रमेश पौडेलले प्रशिक्षण दिनुभएको थियो। त्यसैगरी संस्थाका उपाध्यक्ष पूर्व बैंकर रामचन्द्र आचार्यले सहकारी वित्तिय व्यवस्थापनको बारेमा प्रशिक्षण दिनुभएको थियो। कुल पुँजी १६ करोडभन्दा बढी रहेको उक्त सहकारीमा चुक्ता पुँजी तिन करोड रहेको छ। सहकारीमा बचत रकम १० करोड रहेको छ भने ८ करोड भन्दा बढी लगानीमा र २ करोडभन्दा बढी जगेडा कोषमा रहेको संस्थाका सचिव ठाकुर प्रसाद सापकोटाले जानकारी दिनुभयो। सहकारीले यस्ता प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने बताएको छ।

# बागमारा आमन्त्रित महिला फुटबलमा म्याग्दी च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन




शिव बस्ती सिप्लेनीतरा युवा क्लब को आयोजनामा तथा पोखरा महानगरपालिका-३३ को संरक्षकत्वमा सम्पन्न प्रथम बागमारा आमन्त्रित महिला फुटबल प्रतियोगिताको उपाधि म्याग्दी जिल्ला महिला फुटबल संघ ले जितेको छ।

फाइनल खेलमा म्याग्दीले कपिलवस्तु महिला फुटबल संघ लाई १-० गोल अन्तरले पराजित गऱ्यो। खेल सुरु भएको पहिलो मिनेटमै वर्षा ओलीले गरेको गोल नै निर्णायक बन्यो। खेलाडीसम्बन्धी विवादका कारण ढिला सुरु भएको फाइनल समयाअभावका कारण १०-१० मिनेटको हाफमा खेलाइएको थियो। विजेता टोलीले नगद रु १ लाखसहित शिल्ड र प्रमाणपत्र प्राप्त गऱ्यो भने उपविजेताले रु ५० हजारसहित शिल्ड र प्रमाणपत्र हात पाऱ्यो। प्रतियोगितामा देशका विभिन्न जिल्लाबाट आएका ८ महिला क्लबहरूको सहभागिता रहेको थियो। पुरस्कार वितरण कार्यक्रममा वडा अध्यक्ष रामचन्द्र अधिकारीले महिला फुटबलको प्रवर्द्धन, नयाँ खेल प्रतिभाको पहिचान र स्थानीय स्तरमा खेलकुद गतिविधि विस्तारमा प्रतियोगिताले महत्त्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरे।

महिला खेलाडीलाई प्रतिस्पर्धात्मक अवसर प्रदान गर्दै राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यका साथ प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ।

# छोरेपाटनलाई पर्यटकीय रुपमा विकास गर्छु- उम्मेदवार बास्तोला

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि नेपाली काँग्रेसको तर्फबाट कास्की निर्वाचन क्षेत्र नं २ उम्मेदवार माधवप्रसाद बास्तोला (मधु) ले पर्यटकीय राजधानी पोखरालाई व्यवस्थित सहरको रुपमा विकास गर्ने प्रतिवद्धता व्यक्त गरेका छन्।

पोखरा-१७ को ड्यामसाइटमा घरदैलो गर्ने क्रममा शनिबार उनले चुनावी कोण सभालाई सम्बोधन गर्दै पोखरालाई व्यवस्थित शहर र पर्यटकीय राजधानीको रुपमा विकास गर्न प्रतिवद्धता व्यक्त गरेका हुन्। पोखरामा पर्यटनको सुरुवातका क्रममा ड्यामसाइट क्षेत्र पर्यटकीय रुपमा प्रसिद्ध रहेको बताउँदै पछिल्लो समय यो ठाउँ पछाडि परेको भनाइ उनको छ। फेवातालमा माछापुच्छ्रेको छायाँ पनि ड्यामसाइडमा देखिने भएकाले यस क्षेत्रको प्रचारप्रसार आवश्यक भएको बताउँदै उनले गुप्तेश्वर गुफा र पातले छाँगोलाई थप पर्यटकीय आकर्षणको रुपमा विकास गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका छन्। त्यसैगरी उम्मेदवार बास्तोलाले शनिवार पोखरा-१७ को हनुमान टोलको अव्यवस्थित बस्तीलाई व्यवस्थित बनाउने र आयआर्जनका कामहरु अगाडि सार्ने भनाइ उनको छ। त्यसैगरी उम्मेदवार बास्तोलाले आजै पोखरा-१७ को बेलघारी, छोरेपाटन, पार्दी, ड्यामसाइट, घारिपाटन, रातोपहिरो, राममन्दिर, मुस्ताङचोक लागायतका स्थानमा घरदैलो कार्यक्रम गर्नुको गरी मतदाताको सुझाव संकलन गरेका थिए।

त्यसैगरी हनुमान टोलमा आयोजित चुनावी कोण सभामा बोल्दै उम्मेदवार बास्तोलाले आफू सधै सुशासनको पक्षमा रहेको र भ्रष्टाचार विरुद्ध सधै आवाज उठाउने प्रतिवद्धता व्यक्त गरे। नेपाली काँग्रेस बदलिएको र अव देश बदल्ने अभियानमा नेपाली काँग्रेस अगाडि वढेको उनले सुनाए। सुशासन र भ्रष्टाचार नियन्त्रणको पक्षमा आफूले सदनमा सशक्त रुपमा आवाज उठाउने भनाइ उनको छ। साथै उनले मतदाताको शिर झुक्ने काम आफूले कहिल्यै नगर्ने प्रतिवद्धता समेत व्यक्त गरे। पोखरा-१७ मा गरिएको घरदैलो कार्यक्रममा नेपाली काँग्रेसका नेता गुरु बराल, सोभियत बहादुर अधिकारी, वीरेन्द्रनारायण विजुक्छे, ऋषि काफ्ले, केशर निर्दोषी लगायत स्थानीय नेता एवं कार्यकर्ताले सहभागिता जनाएका थिए।

# वानटाङ खोलामा पक्की पुल निर्माण सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ९ फागुन

यहाँको भिमाद नगरपालिका-५ स्थित वानटाङ खोलामा पक्की पुल निर्माण सुरु भएको छ।

निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको सामाजिक उत्तरदायित्वअन्तर्गत १३० मिटर लम्बाइको पुल निर्माण कार्य सुरु गरिएको हो। पुलको डिजाइन स्वीकृत भएसँगै निर्माण व्यवसायीबाट नदीको बायाँ किनारतर्फ पुलको जग खन्ने काम सुरु गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। आयोजनाको जलाशयका कारण डुबानमा पर्ने भिमाद ऋषिङ खण्डअन्तर्गत पर्ने वानटाङ खोलामा स्थायी पुल डिजाइन तथा निर्माण ढाँचा बनाउन विसं २०८१ फागुन २८ गते सपना निर्माण प्रालिसँग सम्झौता गरिएको थियो। ठेक्का सम्झौता भएको ३० महिनाभि पुलको निर्माण सम्पन्न गर्ने कार्यतालिका छ। निर्माण व्यवसायीले नै पुलको डिजाइन र निर्माण गर्ने (डिजाइन एण्ड बिल्ड) गरी रु २३ करोड सात लाख (मूल्य अभिवृद्धि करसहित)मा ठेक्का सम्झौता भएको थियो। भिमाद नगरपालिका प्रमुख दधिराज सुवेदीले भिमाद हुँदै ऋषिङ गाउँपालिकाका विभिन्न वडा जाने उक्त खोलामा पुल नहुँदा वर्षायाममा यस भेगका हजारौं नागरिकले सास्ती भोग्नुपरेको बताउनुभयो। वानटाङ सेती नदीको सहायक खोला हो।

# सपना विशाल बनुन् : नीति विशेषज्ञ जोशी

-वासुदेव पौडेल
पोखरा, ९ फागुन/रासस

“तपाईँका पाइला उद्देश्यतर्फ दृढ बनिरहुन्, तपाईंका सपनाहरू आकाशजस्तै विशाल बनुन्”, पोखरा विश्वविद्यालयको २१ औँ दीक्षान्त समारोहका प्रमुख अतिथि लैङ्गिक तथा नीति विशेषज्ञ चाँदनी जोशीलेसम्बोधनका क्रममा सो कुरा भन्नुभएको हो ।

दीक्षित विद्यार्थीलाई केवल डिग्रीधारी नभै परिवर्तनको संवाहकका रूपमा चित्रण गर्दै उहाँले आफ्नो शिक्षा अवसरका लागि मात्र नभै न्यायका लागि प्रयोग गर्न आग्रह गर्नुभयो ।

ज्ञानले दीक्षित विद्यार्थीको मार्ग उज्यालो बनोस् भन्ने कामना गर्दै उहाँले साहसले प्रत्येक चुनौतीलाई अवसरमा बदलोस् भन्ने कामना गर्नुभयो । “तपाईं जहाँ पग्नुहोस्, आशा त्यहाँ जन्मियोस्, तपाईं जे बन्नुहुन्छ, त्यसमा मानवता झल्कियोस्”, उहाँले भन्नुभयो, “उड्नुहोस् तर आफ्ना जराहरू नबिर्सनुहोस्, चम्किनुहोस् र अरुका लागि पनि उज्यालो बनिरहनुहोस् ।” दीक्षित विद्यार्थीको भविष्य गौरव र गरिमाले भरिपूर्ण होस् भन्दै उहाँले उज्वल भविष्यको कामना गरिहँदा विद्यार्थीले निकै चाख पूर्वक उहाँका मन्तव्य सुनिरहेका थिए । विश्वविद्यालयले छ दशक लामो राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुभव सँगाल्नुभएकी जोशीलाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गरेको थियो । नेपाल सरकारको पूर्वसहसचिव र ‘युएन वुमन’को दक्षिण एसिया क्षेत्रीय निर्देशकका रूपमा १८ वर्ष सेवा गर्नुभएकी जोशीले आफ्नो सम्बोधनकै सुरुमा हिमाल, ताल र प्रकृतिले सजिएको पोखराले केवल आँखालाई मात्र नभै मनलाई पनि शान्ति र उर्जा प्रदान गर्ने बताउनुभयो ।

दीक्षान्तलाई नवदीक्षितको जीवन यात्राको एउटा ऐतिहासिक मोड भएको बताउँदै उहाँले यसलाई विद्यार्थीको सफलता एवम् व्यक्तिगत परिश्रमको परिणामका रूपमा चित्रण गर्नुभयो । “यसमा तपाईंहरूको परिवारको त्याग, शिक्षकको समर्पण र समाजको संरचनात्मक सहयोग पनि जोडिएको छ । त्यसैले आजको यो उपलब्धि व्यक्तिगत गर्व मात्र नभइ सामूहिक आशाको क्षण हो ।”, उहाँले भन्नुभयो, “पोखरा विश्वविद्यालय जस्तो प्रतिष्ठित विश्वविद्यालयबाट दीक्षित हुनु भनेको केवल शैक्षिक उपाधि प्राप्त गर्नु मात्र होइन, यो ज्ञान, सीप, मूल्य र समाजप्रतिको उत्तरदायित्वलाई औपचारिक रूपमा स्वीकार गर्ने क्षण हो ।” विश्वविद्यालयले केवल पाठ्यक्रमको ज्ञान मात्र नदिएको भन्दै उहाँले यसले विद्यार्थीलाई प्रश्न गर्ने साहस, समालोचनात्मक सोच, अनुसन्धान गर्ने दृष्टि, सहकार्य गर्ने संस्कार र समाजका जटिल समस्यालाई समाधानतर्फ लैजाने क्षमता विकास गरेको बताउनुभयो । प्राप्त ज्ञानलाई व्यवहारमा उतार्ने, समाजको आवश्यकतासँग जोड्ने र सकारात्मक परिवर्तनको पक्षमा उभिने जिम्मेवारी दीक्षित विद्यार्थीको काँधमा आएको उल्लेख गर्दै उहाँले आफ्ना जीवन र सङ्घर्षबारे जानकारी गराउनुभयो ।

“म पाल्पामा जन्मेकी हुर्केकी हुँ र पहिलो पटक मैले मोटर देखेको बेला म छ वर्षकी थिएँ । म मेरो परिवारमा पहिलो साक्षर महिला हुँ । मेरी आमाले विद्यालय जाने अवसर पाउनु भएन, तर उहाँको चाहना र प्रेरणाले मलाइ पढ्ने अवसर प्राप्त भयो”, उहाँले भन्नुभयो । आँफूले पद्मकन्या कलेजबाट स्नातक गरेको, त्रिभुवन विश्वविद्यालयबाट उन्नाइस वर्षको उमेरमा स्नातकोत्तर पूरा गरेको अनुभव सुनाउँदै उहाँले लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको शिक्षा सेवामा प्रवेश गरेको, पद्मकन्या कलेजमा नौ वर्षसम्म अंग्रेजी साहित्यपढाएको र आफ्ना बीस हजारभन्दा बढी विद्यार्थी रहेको जानकारी गराउनुभयो । आँफूले गत साठी वर्ष राष्ट्रिय, क्षेत्रीय र अन्तरराष्ट्रिय तहमा काम गर्ने अवसर पाएको बताउँदै उहाँले शिक्षण पेशाबाट सार्वजनिक सेवा हुँदै संयुक्त राष्ट्रसङ्घ अन्तर्गत युएन वुमनदक्षिण एशियाको निर्देशककार्य सफलतापूर्वक सम्पन्न गरेको अनुभव सुनाउनुभयो ।

“त्यो यात्रामा मैले सधैं महसुस गरें पद, संस्था वा देशको आकारभन्दा ठूलो कुरा व्यक्तिको सोच, मूल्य र प्रतिबद्धता हो । सानो देशबाट पनि विश्व मञ्चमा प्रभावकारी योगदान दिन सकिन्छ, यदि हामी ज्ञान, तयारी र नैतिक साहसका साथ अघि बढ्यौं भने”, उहाँले भन्नुभयो । आँफू नेपालको एक साधारण छोरीले विकासमा पछाडि पारिएका बर्गका लागि साहसका साथ आवाज उठाउन पाएकोमा अत्यन्तै गर्व र खुसी महसुस गरेको बताउँदै उहाँले विश्वका नेता राष्ट्रपति अब्दुल कलाम, बिल क्लिन्टन, बेनजिर भुट्टो, र हामिद करजाईजस्ता व्यक्तित्वसँग तर्क-वितर्क गर्दै, सामाजिक न्यायका लागि संवाद र सहकार्य गरेर उनीहरूको आवाज अन्तरराष्ट्रियस्तरमा पुऱ्याउन पाउनु आँफ्नो जीवनको महत्वपूर्ण उपलब्धि भएको उहाँले बताउनुभयो । लैंगिक समानता, महिला अधिकार, मानव बेचबिखन, विपद व्यवस्थापन र नीति निर्माणका क्षेत्रमा काम गर्दा आँफूले धेरै चुनौती र अवरोधको सामना गरेको बताउँदै उहाँले संरचनागत असमानता र सोचगत प्रतिरोधका बीच पनि अघि बढ्नुपरेको अनुभव सुनाउनुभयो ।

“ती अनुभवले मलाइ एउटा कुरा सिकाए समस्या नै परिवर्तनको ढोका हो । समाधान खोज्ने दृष्टि भयो भने कठिन परिस्थिति पनि अवसरमा रुपान्तरण हुन सक्छ”, उहाँले भन्नुभयो । आँफूले नेपालमा पेवा बढाउने कार्यक्रम सुरु गर्ने अवसर पाएकोमा त्यसबाट करिब पन्ध्र लाख महिलाले रोजीरोटी कमाएर गरिबीको रेखालाई पार गर्न सकेको उहाँले बताउनुभयो । अफगानिस्तानमा तेइस वर्षको युद्ध समाप्त हुने बित्तिकै आँफूले दुई हजार महिलालाई सङ्गठित गरेर उनीहरूले आठ बुँदाको दस्तावेज तयार गरेर त्यहाँका राष्ट्रपति र संसद्का सदस्यलाई प्रस्तुत गरेको महिला अधिकार ऐन(वुमन राइट बिल) पास गर्न सफल भएको जानकारी गराउनुभयो । आँफूले बनाएको समावेशी योजनाले लाखौं महिला र धेरै समाजको सकारात्मक परिवर्तन हुन सकेको उहाँले बताउनुभयो । नेपाल अहिले परिवर्तन र रूपान्तरणको चरणमा रहेको बताउँदै उहाँले हामी सबै नेपाली हातेमालो गर्दै सहकार्य र समन्वयका साथ नवप्रवर्तनका नमूना (इनोभेटिभ मोडेल) विकास गर्दै उद्यमशीलतालाई टेवा दिँदै, दिगो पर्यटन, हिरो विकास तीव्र गतिमा बढ्ने बताउनुभयो ।

हामीले निर्भरता होइन, गरिमामा आधारित विकास मोडेल निर्माण गर्नुपर्ने बताउँदै उहाँले हाम्रो विकासको केन्द्रमा मानवीय गरिमा हुनुपर्नेमा जोड दिनुभयो । शिक्षित नागरिक हुनु विशेषाधिकार भएको र त्यससँगै उत्तरदायित्व पनि आउने उहाँको भनाइ छ । समावेशिता सहितको नवप्रवर्तन, नैतिकताका आधारमा प्रविधि विकाससँगै कमजोर र सीमान्तकृत समुदायलाई केन्द्रमा राखेर नीति बनाउनुपर्ने उहाँको भनाइ छ ।

आफ्नो साठी वर्षको अनुभवले साँचो नेतृत्व शक्ति प्रदर्शनमा मात्र नभै शक्ति बाँडफाँडमा देखिने पाएको उहाँले बताउनुभयो । नेतृत्वका केही महत्वपूर्ण जीवनपाठ आँफूले आफ्नै जीवनयात्राबाट सिकेको बताउँदै उहाँले साहस अभ्यासबाट बलियो हुने भन्दै कठिन निर्णयबाट नभाग्न नवदीक्षित विद्यार्थीलाई आग्रह गर्नुभयो । शक्ति जवाफदेही हुनुपर्नेमा जोड दिँदै उहाँले पारदर्शिता र नैतिकता बिना दीर्घकालीन सफलता सम्भव नहुने बताउनुभयो । सीमान्त समुदायको आवाजमा भविष्यको संकेत प्रायः त्यहीँबाट आउँने बताउँदै उहाँले असफलता अन्त्य नभै अनुभव र सुधारको भाग भएको बताउनुभयो । करुणा कमजोरी नभै दीर्घकालीन परिवर्तनको रणनीति भएको उल्लेख गर्दै उहाँले शिक्षित युवा केवल पेशेवर नभै लोकतान्त्रिक नागरिक भएको बताउनुभयो । विभेद, हिंसा, भ्रष्टाचार र असमानताविरुद्ध मौन बस्नु सजिलो हुन सकेपनि पनि मौनताले संरचनागत अन्यायलाई बल दिने उहाँको भनाइ छ ।

# ‘विकास र समृद्धि नै एकमात्र अर्जुन दृष्टि’ - कास्की-२ का एमाले उम्मेदवार रश्मि आचार्य

पोखरापत्र संवाददाता
पोखरा, ९ फागुन



आसन्न प्रतिनिधि सभा निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का कास्की क्षेत्र नं. २ का उम्मेदवार रश्मि आचार्यले विकास र समृद्धि नै आफ्नो एकमात्र अर्जुन दृष्टि भएको बताएका छन् ।

पोखरा महानगरपालिका वडा नं. २१ कृष्णीमा आयोजित मतदाता भेटघाट कार्यक्रममा बोल्दै आचार्यले विकासको गति तीव्र र गुणस्तरीय बनाउन कानुनी अड्चन हटाउनु तथा आवश्यक नयाँ नीति र कानुन निर्माण गर्नु पहिलो प्राथमिकता भएको उल्लेख गरे । उनले त्यसका लागि संसदमा प्रभावकारी भूमिका र जोडदार पहल आवश्यक भएको बताए । उम्मेदवार आचार्यले मतदाताको मत र जनआदेशलाई सम्मान गर्दै संसदमा जनताको शिर ठाडो पार्ने गरी भूमिका खेल्ने प्रतिबद्धता जनाए । उनले निर्वाचित भएपछि पनि निरन्तर जनतासँग सम्पर्कमा रहने, सुशासन कायम गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, बजेट समयमै कार्यान्वयन गराउने तथा शिक्षा, स्वास्थ्य र रोजगारी सुधारका लागि प्रभावकारी नीति निर्माणमा सक्रिय रहने बताए । त्यसैगरी, उनले स्थानीय तह र वडा स्तरका आवश्यकता र समस्यालाई नीति निर्माणमा समेट्दै जनमैत्री कानुन निर्माणमा सशक्त भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे । उम्मेदवार आचार्यले पोखरा-२१ सहित दक्षिणी पोखरा क्षेत्रलाई पर्यापर्यटनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित “ग्रीन हिल हाई होप टुरिज्म डेस्टिनेसन” अवधारणालाई अघि बढाउने योजना रहेको जानकारी दिए । स्थानीय सुझावलाई प्राथमिकतामा राखेर पर्यटन, पूर्वाधार र रोजगारीका अवसर विस्तार गर्ने आचार्यले प्रतिबद्धता व्यक्त गरे । मतदाता भेटघाट कार्यक्रममा एमालेका वरिष्ठ नेता सोमनाथ अधिकारी ‘प्यासी’, केन्द्रीय सदस्य प्रभा कोइराला, मीना कुमारी गुरुङ, पूर्व केन्द्रीय सदस्य भीम कार्की, अनेम संघकी केन्द्रीय सल्लाहकार सृजना शर्मा, एमाले कास्कीका कार्यवाहक अध्यक्ष भेषराज बराल, पोखरा महानगर कमिटी अध्यक्ष जीवनप्रसाद आचार्य, निर्वाचन क्षेत्र उपसंयोजक बलराम आचार्य, सचिव झपट रानाभाट लगायत प्रदेश, जिल्ला र स्थानीय तहका नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको एमाले पोखरा-२१ का अध्यक्ष राजेन्द्र थापाले जानकारी दिए ।

# मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो बढ्न थाल्यो

पोखरापत्र संवाददाता
मुस्ताङ, ९ फागुन

चिसो घटेसँगै यहाँस्थित मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो बढेको छ । हिउँदयामको चिसो मौसमका कारण मुक्तिनाथ दर्शन गर्ने दर्शनार्थी पर्यटकको सङ्ख्या घटेकामा फागुन लागेसँगै दर्शन गर्ने पर्यटकको संख्या वृद्धि हुन थालेको हो ।

मुक्तिनाथमा फागुन सुरु भएसँगै दैनिक चार हजारदेखि पाँच हजारको हाराहारीमा दर्शनार्थी पर्यटक आउन थालेका मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो । उहाँका अनुसार पुस र माघमा आंशिक रूपमा धार्मिक पर्यटक तथा दर्शनार्थी यहाँ आउने गरेकामा चिसो केही कम भएकाले दर्शनार्थी पर्यटकको संख्या वृद्धि भएको हो । मुस्ताङमा हिउँदयाम सकिएर गर्मीयाम सुरु हुन थाले पछि मुक्तिनाथ दर्शन गर्ने दर्शनार्थी तथा धार्मिक पर्यटकको आगमन थप वृद्धि हुने अपेक्षा गरिएको व्यवस्थापक भुसालले बताउनुभयो । फागुन लागेपछिमन्दिरदर्शन गर्ने भक्तजनको उचित व्यवस्थापन, सरसफाइ, खानपानलगायत पक्षमा ध्यान दिइएको उहाँको भनाइ छ ।

मुक्तिनाथ दर्शन गर्नका लागि भक्तजनलाई लाइनवद्ध गराउने, दर्शनमा सहज बनाउने, स्वच्छ पानी तथा खानपानलगायत लेक लाग्ने समस्याबाट सुरक्षित रूपमा भक्तजनको सुरक्षाका लागि अक्सिजनसहित स्वास्थ्यकर्मी र स्वास्थ्य क्लिनिकलाई क्रियाशील राखिएको व्यवस्थापक भुसालले जानकारी दिनुभयो । उहाँका अनुसार मुक्तिनाथको चिसोमा १०८ धारा र कुण्डमा स्नान गरेका दर्शनार्थीलाई आगो ताप्ने व्यवस्था गरिएको छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीको धार्मिक आस्थाको केन्द्र पवित्र धार्मिकस्थलमा दर्शन गर्नले जानअञ्जानमा भएका गल्तीमा मुक्त भइने धार्मिक जनविश्वास रहिआएको छ । भगवान् विष्णुको बासस्थान रहेको मुक्तिनाथधाममा बर्सेनि श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्दछ । मन्दिरसम्म पुग्ने धार्मिक पर्यटक तथा दर्शनार्थीको सुविधाका लागि पर्याप्त भक्तजनमैत्री पूर्वाधार नहुँदा समस्या पर्ने गरेको स्थानीय बताउँछन् । मन्दिरको मुख्य प्रवेशद्वार ‘सिङ्गलतेन’को भएकाले भक्तजनलाई भीडभाडमा पैदलयात्रा गर्न समस्या हुने गरेको समितिका व्यवस्थापक भुसालले उल्लेख गर्नुभयो । साथै मन्दिर परिसरमा पर्याप्त मात्रामा शौचालय र चेञ्जिङरुम (कपडा परिवर्तन गर्ने कोठा) नहुँदा पनि भक्तजनलाई समस्या पर्ने गरेको उहाँको बुझाइ छ । मुक्तिनाथ विकास समितिका व्यवस्थापक भुसालले दर्शनार्थीको सुविधाका लागि समितिले आठ वटा योजना अघि बढाउन पुरातत्व विभागसँग स्वीकृतिका लागि प्रस्ताव पठाइसकेको जानकारी दिनुभयो । भक्तजनमैत्री पूर्वाधार निर्माणका लागि पुरातत्व विभागमा पठाइएको प्रस्ताव अनुमोदन हुन नसकेकाले पूर्वाधार निर्माण प्रक्रिया अघि बढाउन नसकिएको उहाँले उल्लेख गर्नुभयो । झापाबाट शैक्षिक भ्रमणमा मुक्तिनाथ आउनुभएकी एञ्जल अधिकारीले यस क्षेत्रको सेताम्मे हिमशृङ्ग लाले आकर्षित गरेको धारणा राख्नुभयो । क्याम्पसका ६२ जना विद्यार्थीसँगै मुक्तिनाथ दर्शन गर्न आउनुभएकी उहाँले पवित्र धार्मिकस्थल मुक्तिनाथको दर्शन गर्न पाउँदा गौरान्वित महसुस भएको बताउनुभयो । यसैगरी नवलपुरका दर्शनार्थी सुनिल पाठकले मुक्तिनाथको १०८ धारामा स्नान गरी मन्दिर दर्शन गर्नाले सबै जानअञ्जानमा भए/गरेका पाप पखालिने जनविश्वास रहिआएको बताउनुभयो । नेपालका धार्मिकस्थलमध्ये एक प्रमुख रहेको मुक्तिनाथ क्षेत्रमा देवीदेवताको बासस्थान रहेकाले यसस्थानको महत्व अधिक रहेको उहाँले उल्लेख गर्नुभयो । पछिल्लो समय राष्ट्रिय गौरवको (बेनी-जोमसोम) सडकमार्ग सहज भइसकेकाले पनि मुस्ताङ र मुक्तिनाथ दर्शन गर्ने पर्यटकको संख्या वृद्धि हुँदै जान थालेको हो । मुस्ताङमा धार्मिक पर्यटकको संख्या बढेसँगै यहाँको पर्यटन व्यवसायसमेत चलायमान बन्दै जान थालेको छ । मुक्तिनाथमा दर्शन गर्न भारतीय पर्यटकको बाक्लो उपस्थिति रहँदै आएको छ । मुस्ताङमा चालु आर्थिक वर्षको सात महिनामा तीन लाख २२ हजार ५५८ जना पर्यटक भित्रिएका छन् । यसअघि आव २०८०/८१ मा चार लाख ५४ हजार ३२६ जना पर्यटक मुस्ताङ भित्रिएका थिए । गत आवमा यहाँ सात लाख पाँच हजार ७७९ जना पर्यटक भित्रिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङको तथ्याङ्कमा उल्लेख छ । मुक्तिनाथमा विशेषगरी चैते दसैँको सोह्र श्राद्धदेखि औँसी र चैते दसैँसम्म तथा बडादसैँ अघिको सोह्र श्राद्धदेखि बडादसैँसम्म धार्मिक पर्यटकको आगमन अत्यधिक हुने मुक्तिनाथ विकास समितिले जनाएको छ ।

# बदलियो चुनाव प्रचार शैली: घरदैलो र डिजिटल प्रयोगमा जोड

पोखरापत्र संवाददाता
म्याग्दी, ९ फागुन

म्याग्दीका राजनीतिक दल र उम्मेदवारहरूले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पुराना चुनावी शैली परिवर्तन गरेका छन् ।

विगतका निर्वाचनमा भित्तामा टाँसिने ठूलाठूला पोस्टर-पम्प्लेट र ठूला चुनावी सभाभन्दा यसपटक उम्मेदवारहरूले टोल-बस्तीमा पुगेर मतदातासँग छलफल, घरदैलो र साना कार्यक्रम सञ्चालन गर्ने नीति लिएका छन् । यसबाहेक सामाजिक सञ्जालमार्फत ‘डिजिटल प्रचार सामग्री’ को प्रयोगलाई व्यापक प्राथमिकता दिइएको छ ।

हाल उम्मेदवारसँगै नेता र कार्यकर्ताहरूले घरदैलो र प्रत्यक्ष भेटघाटमा बढी जोड दिएका छन् । नेताहरूलाई आ–आफ्नो पालिकामा चुनाव प्रचार गर्ने जिम्मा दिइएको छ । यसरी जिम्मेवारी पाएकाहरूले मतदातासँग प्रत्यक्ष भेटघाट र सामाजिक सञ्जालमार्फत आफ्नो पार्टी तथा उम्मेदवारको प्रचार गरिरहेका छन् । क्यामेराम्यानसहित फेसबुक, टिकटक, युट्युबमा दैनिक भिडियो सामग्री बनाएर पोस्ट गर्ने, प्रत्यक्ष प्रसारण गर्ने शैली अपनाइएको छ । त्यतिमात्र होइन स्वतन्त्र उम्मेदवार महावीर पुनले त टोलटोलमा घुम्दै हाते माइकमार्फत जनतालाई कटुवाल कराउने शैलीमा ‘लौ है जनता हो ! महावीर आयो’ भन्दै आफ्नो कुरा सुनाइरहनुभएको छ ।

नेपाली कांग्रेस म्याग्दीका चुनाव प्रचारप्रसार समिति सदस्य निर्मल खत्री यसपटक सामाजिक सञ्जालमार्फत भिडियो सन्देश, प्रत्यक्ष प्रसारण र डिजिटल सामग्रीमार्फत मतदातासँग जोडिने प्रयास गरिएको बताउनुहुन्छ । कांग्रेस उम्मेदवार कर्णबहादुर भण्डारीको सचिवालयले प्रत्यक्ष भेटघाट र डिजिटलप्रचारप्रसारलाईप्राथमिकता दिएको उहाँले बताउनुभयो ।

नेकपा (एमाले) का उम्मेदवार हरिकृष्ण श्रेष्ठले पनि यस्तै शैली अपनाउँदै मतदाताको घरदैलोमापुगिरहनुभएकोछ।एमाले नेता प्रकाश पौडेलका अनुसार एमालेले विगतमा गरेका विकास कार्य र उम्मेदवारका प्रतिबद्धताहरू मतदातासम्म पुऱ्याउन भिडियो, गीत, टिकटक र पोडकास्टमार्फत प्रचार गरिरहेको छ । यस्तैगरी स्वतन्त्र उम्मेदवार महावीर पुनको सचिवालय पनि पोष्टकार्ड, रिल र भिडियो सामग्रीमार्फत डिजिटल प्रचारमा सक्रिय छ । पुनका सहयोगी चित्र तिलिजाले निर्वाचन प्रचारप्रसारका लागि मतदातासँग प्रत्यक्ष भेटघाट र डिजिटल प्रविधिको भरपुर प्रयोग गरिएको बताउनुभयो ।

यस्तै, नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार अर्जुन थापाको सचिवालयले पनि डिजिटल प्रचारलाई प्राथमिकता दिएको छ । भेटघाट, प्रत्यक्ष संवाद र मतदाताका प्रतिक्रियालाई फेसबुकमा लाइभ गर्दै प्रचार प्रसारलाई तीव्रता दिइएको नेकपाका नेता गोविन्द पौडेलले जानकारी दिनुभएको छ ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका डम्बर सुवेदी, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, नेकपा (माओवादी) का क्षेत्रबहादुर घिमिरेलगायत उम्मेदवारले पनि सामाजिक सञ्जालमार्फत प्रचार गरिरहेका छन् । यहाँ एक स्वतन्त्र र ११ राजनीतिक पार्टीका गरी १२ जना उम्मेदवार चुनावी प्रतिष्पर्धा छन् । यहाँका सबैजसो उम्मेदवारले राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर कालोपत्र गर्ने, अन्य सडक निर्माण, खानेपानी, शिक्षा, कृषि क्षेत्रको प्रवर्द्धन, सुलभ स्वास्थ्य सेवा, रोजगारीलगायतका मुद्दालाई प्राथमिकतामा राखेका छन् ।

नयाँ उम्मेदवारको उपस्थिति, दलीय राजनीतिको बिचमा स्वतन्त्र उम्मेदवारको उपस्थिति र बदलिँदो प्रचार शैलीले यसपटक निर्वाचनलाई अझ रोचक बनाएको स्थानीय बुद्धिजीवी राजु केसीले बताउनुभयो ।

निर्वाचनको मिति नजिकिँदै जाँदा डिजिटल प्रविधिको प्रयोग गरी प्रचार कार्य बढेसँगै साइबर सुरक्षा चुनौती पनि बढ्दै गएको छ । उम्मेदवारको सामग्रीमा अर्को समर्थकहरूले गाली-गलौज र नकारात्मक टिप्पणी गर्दा द्वन्द्व बढेको देखिएको छ । सामाजिक सञ्जालको दुरुपयोग रोक्न कडाइका साथ निगरानी भइरहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । एक निर्वाचन क्षेत्र, छ पालिका र ४५ वटा वडा रहेको म्याग्दीमा ८६ हजार ३९७ मतदाता रहेका छन् । निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएका छन् ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. १४ शुभ मार्ग गणेश मन्दिर वरपरको बाटो ढलान गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नाम : शुभ मार्ग गणेश मन्दिर वरपरको बाटो ढलान
उपभोक्ता समितिको नाम : शुभ मार्ग गणेश मन्दिर वरपरको बाटो ढलान उपभोक्ता समिति, पोखरा-१४, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : २
योजना सम्झौता मिति : २०८२/०९/१६
योजना सुरु मिति : २०८२/०९/१७
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५
महानगरपालिकाबाट : रु. ४,००,०००/-
उपभोक्ताबाट : रु. ४४,६७६/५३
योजनाको कुल लागत : रु. ४,४४,६७६/५३

**गणेश बहादुर भण्डारी**
अध्यक्ष
**शुभ मार्ग गणेश मन्दिर वरपरको बाटो ढलान उपभोक्ता समिति**, पोखरा-१४, कास्की